स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दयाहाङ राई नेपाली चलचित्रका अभिनेता हुन् । उनले चलचित्र लूटबाट प्रसिद्धि कमाएर लोकप्रिय बनेका थिए । भोजपुरको पश्चिमी गाविस खावा वडा नं. ५ मा २०३७ साल बैशाख १ गते जन्म जन्मिएका अभिनेता राई १६ वर्षसम्मा खावा गाविसको गाउँमा जन्मेर खेतीपाती र गाईबस्तु गोठालो गर्दै खावा गाविसको दिल प्राथमिक विद्यालय, पशुपति मावि हुदै अन्नपूर्ण गाविसका अन्नपूर्ण उच्च माध्यमिक विद्यालय भोजपुरमा एसएलसिसम्मा अध्ययन गरेका थिए ।

**आजको विचार...**



डा. रूप खड्का

कम... (दुई पेजमा)



फिल्म "गंगा रानी"को मुख्य भूमिकामा अभिनेत्री वर्षा सिवाकोटी अभिनय रहने भएको । निर्माण युनिटले फिल्मको मुख्य भूमिकामा अभिनयका लागि बर्षासँग मंगलबार सम्झौता गरेको हो । वर्षासँग सम्झौता लगतै निर्माण टिमले फिल्मको एक पोस्टर समेत सार्वजनिक गरेको छ । जसमा सिवाकोटी नै समेटिएकी छन् । आहा फिल्मस्को प्रस्तुतिमा बन्ने फिल्मका निर्माता कमलप्रसाद शर्मा हुन् । लेखन तथा निर्देशन राजबहादुर साने रहने फिल्ममा ४ महिला र ४ पुरुष कलाकारको खोजी जारी छ ।

❒ वर्ष ३१ ❒ अंक २९९ ❒ २०८३ जेठ १४ गते बिहिबार 28 May 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### बस दुर्घटनामा चारको मृत्यु

(रासस/एपी)—

**बुगेनहाउट**, (**बेल्जियम**), जेठ १३/बेल्जियमको बुगेनहाउट सहर नजिक मङ्गलबार बिहान उच्च गतिमा आएको रेल र रेलवे क्रसिङ पार गरिरहेको मिनीबसबीच भएको भीषण ठक्करमा दुई बालबालिकासहित चार जनाको मृत्यु भएको छ भने पाँच जना बालबालिका गम्भीर रूपमा घाइते भएका छन् । ब्रसेल्सबाट करिब ३० किलोमिटर उत्तरपश्चिममा रहेको उक्त क्षेत्रमा व्यस्त बिहानको समयमा भएको दुर्घटनाले स्थानीय समुदायलाई स्तब्ध बनाएको छ । प्रारम्भिक विवरणअनुसार मिनीबस बन्द गरिएको रेल क्रसिङ अवरोध पार गर्दै अघि बढिरहेको देखिएको थियो । सोही क्रममा तीव्र गतिमा आएको रेलले ठक्कर दिएको हो । इस्ट फ्ल्यान्डर्स सार्वजनिक अभियोजन कार्यालयकी प्रवक्ता लिसा डे वाइल्डका अनुसार बस चालक, १२ र १५ वर्ष उमेरका दुई बालबालिका तथा एक एस्कर्टको घटनास्थलमै मृत्यु भएको हो । घाइते भएका अन्य बालबालिकालाई गम्भीर अवस्थामा अस्पतालमा भर्ना गरिएको छ । अधिकारिहरूका अनुसार दुर्घटनाको वास्तविक कारण अझै स्पष्ट हुन बाँकी छ । तर प्रवक्ता डे वाइल्डले प्रारम्भिक जानकारी उद्धृत गर्दै क्रसिङको अवरोध बन्द अवस्थामा रहेको र रातो बत्ती बलिरहेको अवस्थामा पनि मिनीबस अघि बढेको देखिएको बताए ।

# निजी अस्पतालमा स्वास्थ्य बीमाको सेवा कटौती


# असफल हुँदै स्वास्थ्य बीमा

**हाम्रा संवाददाता** —

**पाल्पा,** जेठ १३/ सरकारले निजी अस्पतालमा स्वास्थ्य बीमा सेवा कटौती गरेको छ । मंगलबार एक सूचना जारी गर्दै स्वास्थ्य बीमा बोर्डले निजी अस्पतालमा आकस्मिकबाहेकका सबै बीमा सेवा स्थगित गर्ने निर्णय गरेको जनाएको छ ।

बीमा बोर्डले निजी अस्पताललाई मंगलबार पत्राचाार गर्दै आकस्मिक बाहेकका सबै बीमा सेवा स्थगित गर्ने जानकारी गराएको छ । सोमबार बसेको स्वास्थ्य बीमा बोर्डको बैठकले सरकारको स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिक सेवा बाहेकका अन्य स्वास्थ्य बीमाका सेवाहरू जेठ १६ गतेदेखि बन्द हुने निमित्त कार्यकारी निर्देशक शकुन्तला प्रजापतिद्वारा जारी सूचनामा उल्लेख छ । बढ्दो वित्तीय संकटलाई मध्यनजर गर्दै अर्को निर्णय नभएसम्म स्थगित गरिएको बोर्डले जनाएको छ । पत्रमा भनिएको छ, 'स्वास्थ्य बीमा बोर्डको




बोर्ड बैठकको मिति २०८३/०२/११ गतेको निर्णयानुसार स्वास्थ्य बीमा बोर्डको बढ्दो वित्तीय संकटलाई मध्यनजर गर्दै अर्को निर्णय नभएसम्म नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिक सेवा बाहेकका अन्य स्वास्थ्य बीमाका सेवाहरू मिति २०८३ साल जेठ १६ गतेदेखि लागू हुने गरी स्थगन गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।' बोर्डको निर्णयसँगै देशभर स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध रहेका सयौं निजी अस्पताल, मेडिकल कलेजबाट बीमित नागरिकले पाउँदै आएको ओपीडी, परीक्षण, शल्यक्रिया, औषधि तथा अन्य नियमित सेवा प्रभावित हुने भएको छ स्वास्थ्य उपचारमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न सरकारले सामाजिक सुरक्षाका रूपमा आर्थिक वर्ष २०७२/७३ मा राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम शुरू गरेको थियो । स्वास्थ्य बीमा ऐन अन्तर्गत स्वास्थ्य बीमा बोर्ड गठन गरेर सञ्चालन गरिएको यो कार्यक्रममा बीमितहरूले तोकिएका स्वास्थ्य संस्थाबाट बीमा सुविधा अनुसारका तोकिएको औषधोपचार निःशुल्क पाउँदै आएका थिए, तर पछिल्लो समय बोर्डले निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुबाट सेवा कटौती गर्न थोपछि भने कार्यक्रमको औचित्यमाथि नै प्रश्न उठेको छ । स्वास्थ्य सेवा प्रदान गरिरहेका संस्थाहरु बन्द गर्दै जान थालेपछि स्वास्थ्य बिमा नै असफलताको बाटोमा गएको हो कि भन्ने आभास हुन थालेको छ । अर्कोतर्फ स्वास्थ्य सेवामा सबैको पहुँचको ढोका खोलिए पनि, कार्यान्वयनमा भएको कमजोरी, अनुगमनको अभाव लगायत विभिन्न कारणले यो कार्यक्रम अहिले अपेक्षित रूपमा प्रभावकारी देखिँदैन ।

*(...बाँकी अन्तिम पेजमा)*

# दलित अधिकार रक्षाका लागि गम्भीर बन्नुपर्नेमा जोड

**कृष्ण पोखरेल** —

**पाल्पा,** जेठ १३/ नेपालमा कानुनी रूपमा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन घोषणा गरिएको वर्षौं बितिसक्दा पनि व्यावहारिक तहमा यसको पूर्ण कार्यान्वयन हुन नसकेको भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन् । बुधबार पाल्पाको तानसेनमा जागर मिडिया सेन्टरले आयोजना गरेको दलित समुदायको संवैधानिक अधिकार, जातीय छुवाछुत सम्बन्धी ऐन, कानुन कार्यान्वयनको अवस्था र सरोकारवालाहरूको भूमिका विषयक अन्तर-संवाद कार्यक्रममा बोल्ने वक्ताहरूले कार्यान्वयन पक्ष फितलो भएको गुनासो गरेका हुन् ।

कार्यक्रममा पाल्पा जिल्लाका स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका अगुवा, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मी, कानुन व्यवसायी, शिक्षक, बुद्धिजीवी तथा सञ्चारकर्मीहरूबिचको छलफल



कार्यक्रममा नेपालको संविधानले निर्दिष्ट गरेका दलित अधिकारका कानुनी व्यवस्थाहरूको प्रभावकारितामाथि निर्मम समीक्षा गरिएको थियो । कार्यक्रममा त्रिभुवन बहुमुखी क्याम्पसका उप प्राध्यापक डा. पित बहादुर नेपालीले नेपालमा जातीय छुवाछुतको अवस्था, संवैधानिक हक अधिकार र नीति नियम, ऐन कार्यान्वयनको अवस्था र चुनौतीका विषयमा कार्यपत्र प्रस्तुत गर्दै अधिकार पाए पनि व्यबहारिक रुपमा कार्यान्वयन फितलो रहेको बताए । छलफलका क्रममा वक्ताहरूले जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८, नेपालको संविधान २०७२ जारी भएपछि पनि देशमा कानुनी शासन स्थापित गर्ने मार्गमा थुप्रै संरचनागत र व्यावहारिक चुनौतीहरू कायमै रहेको बताएका छन् । नेपालको संविधानले दलित समुदायका लागि शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक प्रतिनिधित्वका सवालमा विशेष हकको व्यवस्था गरेको भए ता पनि प्रशासनिक उदासीनता र सामाजिक चेतनाको कमीका कारण लक्षित वर्गले ती अधिकारहरू पूर्ण रूपमा अनुभूत गर्न नपाएको सहभागीहरूको जोड छ । समाजमा जातीय छुवाछूतको सवालमा रहेका संवैधानिक हक र अधिकारहरूका बारेमा आमनागरिक तथा सरोकारवालाहरूलाई स्पष्ट जानकारी प्रदान गर्न, संविधानमा व्यवस्था गरिएका दलित अधिकारका कानुनी प्रावधानहरूमाथि गहन छलफल चलाई त्यसको बुझाइमा एकरूपता ल्याउने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको जागरण मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्माले बताईन् ।

*(... बाँमकी अन्तिम पेजमा)*

जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं

-जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो-यसको अन्त्य गरौं,
-सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
-विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
-दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
-शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
-हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
-एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं ।

समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## बकर ईद : समर्पण र त्यागको पर्व

**मुस्लिम समुदायले बकर इद (इदु उल अजहा) आज मनाउँदै छन् । बकर इद पर्व रमजान अर्थात् इदुलफित्र पछिको दोस्रो ठूलो चाड हो । रमजान पर्वको ७० औं दिनमा मनाउने यो पर्वमा आर्थिकरूपमा सबल मानिस हज गर्न साउदी अरबको मक्का मदिना जाने गर्छन् । यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिने गर्दछन् ।**

**धार्मिक मान्यताअनुसार अल्लाका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माईललाई कुर्बानी गर्नुपर्ने आदेशलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माईलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यतालाई अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको पाइएको छ । यो पर्व केवल धार्मिक आस्थाको उत्सव मात्र होइन, त्याग, समर्पण, करुणा र मानवताको गहिरो सन्देश बोकेको पर्व पनि हो । हरेक वर्ष इस्लामिक पात्रोअनुसार मनाइने यो पर्वले मानिसलाई आफ्नो स्वार्थभन्दा माथि उठेर समाज, परिवार र मानव सेवाको भावनालाई प्राथमिकता दिन प्रेरित गर्दछ । बकर ईदको मूल सन्देश पैगम्बर इब्राहिमको अद्वितीय त्याग र ईश्वरप्रतिको अटल विश्वाससँग जोडिएको छ । आफ्ना प्रिय पुत्रलाई समेत ईश्वरको आदेशअनुसार बलिदान गर्न तयार भएको प्रसंगले निष्ठा, धैर्य र समर्पणको उच्च उदाहरण प्रस्तुत गर्दछ । यही भावनालाई आत्मसात् गर्दै मुस्लिम समुदायले पशु कुर्बानी दिने परम्परा निर्वाह गर्छन् । तर यसको सार केवल धार्मिक कर्मकाण्डमा सीमित छैन । यसले आफूमा भएको सम्पत्ति र अवसरलाई आवश्यकतामा परेकासँग बाँड्ने संस्कार सिकाउँछ । आजको समाजमा धार्मिक सहिष्णुता र सामाजिक सद्भावको आवश्यकता झन् बढ्दै गएको छ ।**

**धार्मिक स्वतन्त्रताको सम्मान गर्दै सामाजिक जिम्मेवारी निर्वाह गर्नु सबै नागरिकको कर्तव्य हो । पर्वहरू समाजलाई जोड्ने माध्यम बन्नुपर्छ, विभाजन र विवादको कारण होइन । बकर ईदले हामी सबैलाई त्याग, सहिष्णुता, सेवा र भाइचाराको मूल्य सम्झाउँछ । वर्तमान समयमा बढ्दो स्वार्थ, असहिष्णुता र सामाजिक दूरीबीच यो पर्वले पारस्परिक सम्मान र मानवताको बाटो रोज्न प्रेरित गर्नु यसको सबैभन्दा ठूलो सान्दर्भिकता हो ।**

## Opinion @ Social Network


सफल मान्छे को वरिपरि भन्दा अनुभवी मान्छे को वरिपरि बस्नुस,
उनीहरू संग घमण्ड होइन अनुभव हुन्छ ।
*(सागर कुमालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.kumal)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कम दरको भ्याटबाट गरिबभन्दा धनीलाई बढी लाभ



**डा. रूप खड्का**

***मूल्य अभिवृद्धि कर लागू भएका धेरै मुलुकमा पनि यो कर लगाउने ताका यस्तै बहस हुने गरेको पाइन्छ, यद्यपि नीति निर्णय भएपछि यो विषय सामान्यतः दीर्घकालीन रूपमा टुंगिने गर्दछ । मूल्य अभिवृद्धि कर एकल दरले लगाएको खण्डमा यो कर उपभोक्ताको आयस्तरको पर्वाह नगरी धनी–गरीब सबैको उपभोगमा समान रूपमा लाग्ने भएकोले प्रथम दृष्टिमा यो कर असमान कर जस्तो देखिन्छ । यस्तो कर अन्तर्गत न्यून आय भएका परिवारहरूले आफ्नो आयको ठूलो हिस्सा उपभोगमा खर्च गर्ने भएकाले उनीहरूले उच्च आय समूहको तुलनामा तुलनात्मक रूपमा बढी करभार वहन गर्नुपर्छ । यसै कारणले न्यून आय वर्गले उपभोग गर्ने आवश्यक वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर छुट दिनुपर्छ वा न्यून दर लगाउनुपर्छ भन्ने तर्क गरिन्छ । तर व्यवहारमा यस्ता उपायहरूको लाभ गरिब वर्गमा मात्र सीमित हुँदैन । आवश्यक वस्तुमा मूल्य अभिवृद्धि कर कम दरले लगाउँदा त्यसबाट कतिपय अवस्थामा गरिबले जस्तै धनीले लाभ लिने मात्र नभई गरीबको तुलनामा धनीले अझ बढी लाभ लिन सक्छ ।***

२०५०/५१ सालतिर मूल्य अभिवृद्धि कर कानूनको पहिलो मस्यौदा तयार भएपछि विभिन्न सरोकारवालासँग विस्तृत परामर्श तथा छलफल गरिएको थियो । त्यस क्रममा त्यसताकाका नेपाली कांग्रेस तथा नेकपा एमाले लगायतका प्रमुख राजनीतिक दलहरूसँग पनि दलगत रूपमा छुट्टाछुट्टै छलफल गरिएको थियो । ती छलफलहरूमा मूल्य अभिवृद्धि करका विभिन्न पक्षका साथै करको दर तथा छुटको संरचनाबाट करको समानतामा पर्न सक्ने असरका बारेमा पनि विस्तृत रूपमा छलफल भएको थियो । नेकपा एमालेसँग गरिएको छलफलका क्रममा वरिष्ठ अर्थशास्त्री डा. डिल्लीराज खनालले मूल्य अभिवृद्धि करको एकल दर सामाजिक न्यायका दृष्टिले कत्तिको उपयुक्त हुन्छ भन्ने प्रश्न उठाउनुभएको थियो । त्यसक्रममा यो कर एकल दरमा लगाउने कि बहुदरमा, बहुदरले वास्तवमै कर प्रणालीलाई बढी समान बनाउन सक्छ कि सक्दैन तथा अन्तर्राष्ट्रिय अभ्यास के कस्ता छन् भन्ने विषयमा व्यापक छलफल भएको थियो । मूल्य अभिवृद्धि कर लागू भएका धेरै मुलुकमा पनि यो कर लगाउने ताका यस्तै बहस हुने गरेको पाइन्छ, यद्यपि नीति निर्णय भएपछि यो विषय सामान्यत: दीर्घकालीन रूपमा टुंगिने गर्दछ । मूल्य अभिवृद्धि कर एकल दरले लगाएको खण्डमा यो कर उपभोक्ताको आयस्तरको पर्वाह नगरी धनी-गरीब सबैको उपभोगमा समान रूपमा लाग्ने भएकोले प्रथम दृष्टिमा यो कर असमान कर जस्तो देखिन्छ । यस्तो कर अन्तर्गत न्यून आय भएका परिवारहरूले आफ्नो आयको ठूलो हिस्सा उपभोगमा खर्च गर्ने भएकाले उनीहरूले उच्च आय समूहको तुलनामा तुलनात्मक रूपमा बढी करभार वहन गर्नुपर्छ । यसै कारणले न्यून आय वर्गले उपभोग गर्ने आवश्यक वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर छुट दिनुपर्छ वा न्यून दर लगाउनुपर्छ भन्ने तर्क गरिन्छ । तर व्यवहारमा यस्ता उपायहरूको लाभ गरिब वर्गमा मात्र सीमित हुँदैन । आवश्यक वस्तुमा मूल्य अभिवृद्धि कर कम दरले लगाउँदा त्यसबाट कतिपय अवस्थामा गरीबले जस्तै धनीले लाभ लिने मात्र नभई गरीबको तुलनामा धनीले अझ बढी लाभ लिन सक्छ । उदाहरणका लागि, यदि सूती कपडा गरीबले बढी प्रयोग गर्छन् भन्ने आधारमा रेशमी कपडाभन्दा सूती कपडामा मूल्य अभिवृद्धि कर कम दरले लगाइयो भने कतिपय अवस्थामा गरीब परिवारले वर्षमा केही मात्र सूती कमिज खरीद गर्न सक्ने र धनी परिवारले दर्जनौं कमिज खरीद गर्न सक्ने भएकोले यस्तो अवस्थामा गरीबलाई राहत दिने उद्देश्यले लगाइएको कम दरको लाभ वास्तविक रूपमा धनी वर्गलाई बढी पुग्न सक्छ । अन्तर्राष्ट्रिय मद्रा कोषद्वारा विभिन्न मुलुकमा गरिएको अध्ययनले पनि यस्तै निष्कर्ष निकालेको थियो । केही अफ्रिकी मुलुकहरूमा गरीबमाथि मूल्य अभिवृद्धि करको भार कम गर्न पाउरोटी जस्ता आवश्यक वस्तुमा यस करको न्यून दर लागू गरिएको थियो । तर यस्ता वस्तुहरू न्यून आय वर्गले मात्र नभई मध्यम र धनी वर्गका साथै तारे होटलमा बस्ने स्वदेशी तथा विदेशी धनीहरूले बढी उपभोग गर्ने भएकोले न्यून आय वर्गलाई राहत दिनको लागि आवश्यक प्रकृतिका वस्तुमा लगाइएको मूल्य अभिवृद्धि करको न्यून दरबाट व्यवहारमा गरीबलाई भन्दा धनीलाई बढी लाभ पुगेको निचोड निकालेको थियो । यसरी व्यवहारमा मूल्य अभिवृद्धि कर छुट तथा न्यून दरको लाभ धनी गरीब सबै प्रकारका उपभोक्ताले प्राप्त गर्ने मात्र नभई ठूलो परिमाणमा उपभोग गर्ने धनीहरूले अझ बढी लाभ पाउन सक्ने भएकाले मूल्य अभिवृद्धि कर छुट तथा न्यून दर गरीबलाई लक्षित राहत उपलब्ध गराउने प्रभावकारी साधन होइनन् भन्ने विषयमा अर्थशास्त्री तथा कर नीति सुधारकर्ताहरू बीच सहमति कायम भएको छ । त्यसैले धेरै विशेषज्ञले विस्तृत आधारमा एकल दरको मूल्य अभिवृद्धि कर लागू गर्नुपर्ने र त्यसबाट संकलित राजस्वलाई लक्षित सार्वजनिक खर्च तथा सामाजिक सुरक्षा कार्यक्रम मार्फत कमजोर, असहाय तथा न्यून आय समूहमा केन्द्रित गर्नुपर्ने धारणा अघि सारेका छन् । यही मान्यताका आधारमा अन्तर्राष्ट्रिय जगतमा मूल्य अभिवृद्धि करलाई केवल राजस्व परिचालनको स्रोतको रूपमा मात्र प्रयोग गरिनुपर्दछ र त्यसको लागि यस करलाई विस्तृत आधारमा एकल दरले लागू गर्नुपर्दछ भन्ने सहमति कायम भएको छ । त्यस अनुसार विश्वमा सफलतासाथ लागू भएका र नमूनाको रूपमा रहेका न्यूजिल्याण्ड, सिंगापुर, अष्ट्रेलिया, क्यानडा, दक्षिण अफ्रिका, रुवाण्डा लगायत विभिन्न देशमा यस करलाई एकल दरले लगाइएको छ । यस्तै प्रवृत्ति पछिल्ला वर्षहरूमा मूल्य अविभृद्धि कर लागू गरेका देशहरूमा पनि देखिन्छ । उदाहरणका लागि हालैका वर्षहरूमा मूल्य अभिवृद्धि कर लगाउने साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, ओमान, बहराइन जस्ता देशले एकल दर अपनाएका छन् भने आगामी दिनमा मूल्य अभिवृद्धि कर लगाउन तयारी गरिरहेका लाइबेरिया, यमन लगायत देशहरूले यस करलाई एकल दरले लगाउने निर्णय गरेका छन् । हो, केही देशहरूले विगतमा राजनीतिक, प्रशासनिक वा संक्रमणकालीन कारणले मूल्य अभिवृद्धि कर बहुदरले नलगाएका होइनन् र केही देशमा त्यस्ता दरले हालसम्मै निरन्तरता पाइरहेका छन् । उदाहरणका लागि भारतमा सन् १९७८ देखि झण्डै चारदशकसम्म केन्द्र, राज्य तथा स्थानीय तहमा लागू भइरहेका विभिन्न अप्रत्यक्ष करको सट्टा विस्तृत आधारमा एकल दरले मूल्य अभिवृद्धि कर लगाउने भनेर लामो समयसम्म विस्तृत गृहकार्य गरिएको भए पनि अन्तत: संघ र प्रदेश सरकारका अर्थमन्त्री रहेको संवैधानिक जीएसटी काउन्सिलमा एकल दर लगाउन सहमति नजुटेपछि बहुदर लगाइएको थियो । तर बहुदरका कारण यो कर जटिल हुनुका साथै त्यसबाट अनेक आर्थिक विकृति उत्पन्न भएकाले सेप्टेम्बर २०२५ मा यस करलाई सुधार्ने क्रममा विभिन्न दरको सट्टा दुई दर कायम गरिएको थियो र त्यसबाट कर प्रणाली सरल हुनका साथै अर्थतन्त्रमा सकारात्मक असर परेको थियो । अब मूल्य अभिवृद्धि करलाई थप सुधार गर्ने क्रममा भारतमा दुई तीन वर्षमा दुई दरको सट्टा एकल दर कायम हुने अपेक्षा गरिएको छ । अर्कोतर्फ यूरोपमा विभिन्न मुलुकमा मूल्य अभिवृद्धि करको दर २० प्रतिशतभन्दा बढी भएकोले समानताका हिसाबले नभई केही मेरिट वस्तु तथा सेवामा करको भार कम गर्न न्यून दर लागू गरिएको पाइन्छ । कुनै मुलुकमा मूल्य अभिवृद्धि करले प्रतिस्थापन गरेका विभिन्न करमा विगतमा धेरै दर भएकोले एकैपटक मूल्य अभिवृद्धि करको एकल दर लागू गर्न गह्रो भएकोले बहुदर लगाएको थियो र ती देशहरूमा पनि दरको संख्या विस्तारै घटाएर अन्त्यमा एकल दर कायम गर्ने प्रयास भइरहेका छन् । यिनै कारणले गर्दा नेपालले झण्डै तीनदशक अघि मूल्य अभिवृद्धि कर लगाउने तयारी गर्ने क्रममा राजनीतिक दल, निजी क्षेत्र तथा अन्य सरोकारवालासँग व्यापक परामर्श गरी मूल्य अभिवृद्धि कर एकल दरले लगाएको थियो र विगत झण्डै तीन दशकमा गठन भएका विभिन्न सरकारले त्यसलाई निरन्तरता दिँदै आएका छन् । साथै, मूल्य अभिवृद्धि करको मर्म र अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा आगामी दिनमा पनि एकल दरलाई निरन्तरता दिइरहनुपर्दछ । मूल्य अभिवृद्धि करलाई समानताको हिसाबले नभई वर्तमान अवस्थामा बजारमा माग बढाएर अर्थतन्त्र चलायमान बनाउन र आशा र विश्वासको वातावरण सिर्जना गर्नका लागि भन्सार महसुल र अन्त:शुल्कका साथै मूल्य अभिवृद्धि करको दर पनि घटाउन आवश्यक भएमा यस करको दर केही समयका लागि १० प्रतिसम्म झार्न उपयुक्त हुनेछ । यस सन्दर्भमा अर्को विचारणीय पक्ष हाल सार्वजनिक वित्त शास्त्रमा कुनै मुलुकको कर प्रणाली समान छ/छैन भनेर कुनै एक करलाई नभई समग्र कर तथा सार्वजनिक खर्च प्रणालीको सन्दर्भमा हेरिनुपर्दछ भन्ने मान्यता हो । त्यसैगरी, पुनर्वितरणका उद्देश्यहरू मूल्य अभिवृद्धि कर जस्ता अप्रत्यक्ष करको दरभन्दा लक्षित सार्वजनिक खर्च कार्यक्रम मार्फत बढी प्रभावकारी रूपमा हासिल गर्न सकिन्छ भन्ने कुरालाई पनि बिर्सनुहुँदैन । मूल्य अभिवृद्धि करको फराकिलो कराधार र स्थिर एकल दरले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न, पिछडिएका वर्गलाई लक्षित सहायता उपलब्ध गराउन तथा दीर्घकालीन आर्थिक विकासका लागि आवश्यक पूर्वाधार निर्माण गर्न पर्याप्त राजस्व जुटाउन सक्छ, जसले अन्तत: जनताको जीवनस्तर उकास्न सहयोग पुर्‍याउँछ भन्ने वास्तविकतालाई विचार गरेर नेपालले मूल्य अभिवृद्धि कर विस्तृत आधारमा एकल दरले लगाउने नीतिलाई दीर्घकालसम्म अपनाइरहनुपर्दछ ।

***–अनलाइनखबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : प्रतिक्रिया दिनुभन्दा परिस्थिति बुझ्नु राम्रो हुनेछ। आत्मबलले सहज हुनेछ
**बृष** : आत्मविश्वास बढाउन सक्छ। मिठो संवादले दूरी घटाउनेछ। ।
**मिथुन** : कामको चाप बढ्न सक्छ। शरीरलाई विश्राम दिनु आवश्यक रहनेछ।
**कर्कट** : सिर्जनात्मक सोचले ऊर्जा दिनेछ। मन पर्ने व्यक्तिसँग समय बित्न सक्छ।
**सिंह** : घरको विषयमा ध्यान केन्द्रित हुनेछ। धैर्यले वातावरण सहज रहनेछ।
**कन्या** : बोल्ने शैली प्रभावकारी बन्नेछ। छोटो यात्रा उपयोगी रहने संकेत छ।
**तुला** : आर्थिक विषयमा सोच गहिरो बन्न सक्छ। बढी खर्च गर्न मन लाग्न सक्छ।
**बृश्चिक** : मनमा दृढता आउन सक्छ। आफ्नो निर्णयमा स्पष्टता देखिनेछ।
**धनु** : मनले एकान्त खोज्न सक्छ। बढी चिन्ता नगर्नु राम्रो हुनेछ।
**मकर** : भविष्यको योजना बन्ने संकेत छ। आशा गरेको समाचार प्राप्त हुन सक्नेछ।
**कुम्भ** : काममा निर्णयको महत्व बढ्न सक्छ। जिम्मेवारीले विश्वास जित्न सकिनेछ।
**मिन** : मन अनुभवतर्फ आकर्षित हुनेछ। यात्रासम्बन्धी सोच बलियो बन्न सक्छ।




निबन्ध ● सन्तु गुरुङ

# म नालायक हूँ

*विश्व विख्यात ठाउँमा बस्न पाउनु भाग्यमानी हुनुपर्छ । यस देवस्थल मा जन्मँदा आफैलाई देवतुल्य ठान्न पर्ने बेलामा म आफैलाई नालायक ठान्दछु । गोरो छाला भएका हरूले हामीलाई यहाँ रोपेको अरे । हामी बनमारा हरूलाई, केहि तितेपातीका बोटहरू चाहिँ पहिले देखिनै थियो अरे । अब कुराको चुरा खोजी गर्ने हो भने नयाँ क्षितिजको खोज (असीत राईको ऐतिहासिक उपन्यास) गर्नुपर्छ। ( १८५६), पहिलो चिया बगानको शुरुवात भयो । चियाले उद्योगको रुप लियो । फटाफट नयाँ चिया बगान हरु खुले । कुल्लीको सन्तानहरू फस्टाए । नयाँ कुल्ली को नस्लहरू चिया बगानसंगैं हुर्के । गुलामीमा पनि कुल्ली, आजादीमा पनि कुल्ली । कैंयो पुस्ताको कुल्लीपनले गर्दा जस्तै अनुकूल समयमा पनि हाम्रो जाती (नश्लले) डोको र नाम्लो देखि माथि सोच्न सकेन । व्यक्तिगत उन्नति गरेको लछेप्रै उदाहरण हरू छन् तर सामुदायिक रूपमा हाम्रो सोच त्यो प्रथम बनमाराको बोट र तितेपातीको झ्याँग जस्तै छ । चियाको बुट्टामा फाँसी लागेर हाम्रो कैंयौं पुस्ताहरूको भविष्यले आत्महत्या गरेको छ, केवल सप्तरंगी कल्पना सजाउन । बाँचुन्जेल भोक हडताल, धर्ना, गेट मिटिङ, गमबूट, छाता, हाजिरा, बोनस, पी एफ, ग्रजुटी को लडाईंमा छोकडाह्ट ( केटा-केटी) देखि चाउरे भएको कुल्ली हरूलाई पत्तो हुँदैन ।*

म जून ठाउँमा बस्छु त्यसको शिरमा महादेवको बास छ । टाढा हिमाल हेर्दा सेतो हिऊँ को च्यादर ओढि, बुद्ध ध्यान मग्न भई आँखा चिम्लेर सुति रहेको अनुभव गर्न सक्ने जगहमा मेरो बास छ । देवी देवताले झार जंगल वनस्पति हावा पानी प्रकृतिको भरपूर आशिर्वाद दिएको छ यहाँ । यस ठाउँको चमत्कार अनुभव गर्न संसारको कुना काप्चाबाट यहाँ मानिसहरूको घुइँचो लाग्छ । नव दम्पत्तिहरु माया साटा साट गर्न, बिमारहरु निको हुन,धनिहरु मस्तिष्क हलुका पार्न, कति मनको पीर भुलाउन त कति साथी संगी ईष्ट मित्र परिवार संग खुशी मनाउन यस ठाउँमा भेला हुन्छन् । विश्व विख्यात ठाउँमा बस्न पाउनु भाग्यमानी हुनुपर्छ । यस देवस्थल मा जन्मँदा आफैलाई देवतुल्य ठान्न पर्ने बेलामा म आफैलाई नालायक ठान्दछु । गोरो छाला भएका हरूले हामीलाई यहाँ रोपेको अरे । हामी बनमारा हरूलाई, केहि तितेपातीका बोटहरू चाहिँ पहिले देखिनै थियो अरे । अब कुराको चुरा खोजी गर्ने हो भने नयाँ क्षितिजको खोज (असीत राईको ऐतिहासिक उपन्यास) गर्नुपर्छ। (१८५६), पहिलो चिया बगानको शुरुवात भयो । चियाले उद्योगको रुप लियो । फटाफट नयाँ चिया बगान हरु खुले । कुल्लीको सन्तानहरू फस्टाए । नयाँ कुल्ली को नस्लहरू चिया बगानसंगैं हुर्के । गुलामीमा पनि कुल्ली, आजादीमा पनि कुल्ली । कैंयो पुस्ताको कुल्लीपनले गर्दा जस्तै अनुकूल समयमा पनि हाम्रो जाती (नश्लले) डोको र नाम्लो देखि माथि सोच्न सकेन । व्यक्तिगत उन्नति गरेको लछेप्रै उदाहरण हरू छन् तर सामुदायिक रूपमा हाम्रो सोच त्यो प्रथम बनमाराको बोट र तितेपातीको झ्याँग जस्तै छ । चियाको बुट्टामा फाँसी लागेर हाम्रो कैंयौं पुस्ताहरूको भविष्यले आत्महत्या गरेको छ, केवल सप्तरंगी कल्पना सजाउन । बाँचुन्जेल भोक हडताल, धर्ना, गेट मिटिङ, गमबूट, छाता, हाजिरा, बोनस, पी एफ, ग्रजुटी को लडाईंमा छोकडाह्ट (केटा-केटी) देखि चाउरे भएको कुल्ली हरूलाई पत्तो हुँदैन । नमरून्जेल केवल हुन्छ त सूख पाएको सपना, मिठो खाएको राम्रो लगाएको कल्पना, मालिकवर्गको शोषण दमन र कुटनीतिलाई अन्तमा हराँउदै न्याय पाउने आशा । यथार्थमा उ पहिलो चियाको बुट्टा रोप्दा जहाँ थियो आज पनि त्यहीं नै छ । संसार जुनमा पुग्दा उ नूनमा पुगेको तुलना गर्न मिल्दैन । चिया उधोग यस जातिको लागि घाँटीको हड्डी बन्यो, न मरि जानु दिने न गरि खानु दिने । पुस्तौं देखि जंगल फाँडेर, झ्यार घोडेर, भीर पखेरा जोतेर स्यार- सुसार गरेको पुर्ख्यौली जमीन समेत उसको आृनो होईन । यिनीहरू स्वतन्त्र भारतको बंधुवा मजदूर मात्र हुन । कम्पनीको कुल्ली देखि यिनीहरूलाई आफ्नो न्यायोचित मालिकाना अधिकार दिनुपर्छ भन्ने कुनै सरकारले ख्याल गरेनन् । गरीबको सरकार, मजदुरको सरकार, धर्मनिरपेक्ष सरकार, राष्ट्रवादी सरकार, धर्मको सरकारले यिनीहरू को निम्ति कुनै सोच राखेन । तपाईं नभनिकन मपाईं हुँदै कुनै दृष्टिकोण बिनै भोट दिने अचेत जनता हुनु नै यिनीहरूको अभिशाप हो । भारत देशमा स्थापित कलकत्ता पछि दोस्रो नगरपालिका (१८५०) कस्तो रैछ भन्ने जिज्ञासा भए मेरो जन्मथलो आउनुहोस् । आधा भन्दा बेसी धर्तीमा राज गर्ने गोरेहरुले यस ऐतिहासिक ठाँउलाई अलविदा भन्न अघि गोरू हरूलाई हस्तान्तरण गरिदिए । बाँदरको हातमा नरिवल भन्ने उखान बुझ्न मन लागे तपाईंलाई यहाँ स्वागत छ । गोराहरूले छोडेर गएको यस विश्वविख्यात शहरलाई पछिका पुस्ताहरुले सपार्नुको सट्टा भूपार्दै गयौं । बाटो घाटो नाला झोडा यतिसम्मकी सार्वजनिक सौचालय समेत किन बेच हुने ठाउँ भयो भारतको दोस्रो ऐतिहासिक नगरपालिका ।राम्रो जमीन, आय हुने सम्पत्ति, व्यवसायिक प्रतिष्ठान सबै अन्यहरूलाई बेच्यौं केवल राम्रो जामा र मिठो हाम गर्नूको निम्ति । खाए सार लाए सार मरेपछि लम्पसार भन्ने उखान रचनेहरूले कहिले आफ्नो भावी सन्तानहरू लाई भलो सोच्ने छन्? गुन्द्री बजार हरायो, जिम्बेनीको खाजा घर , चाम्लिङको मासु पसल, खडकाको सब्जी पसल, प्रधानको भाँडा पसल, सुन्दासको कपडा पसल, गजमेरको सुन चाँदी पसल बिस्तारै हरायो एक पछि अर्को बेचियो । रैथानेहरूले ढाकेको दार्जिलिङ शहरमा अहिले अरूहरूकै बोल बाला चल्छ । रैथाने हरूको शहरको दैनिक अर्थतन्त्रमा सहभागिता औंलामा गन्न सकिन्छ । अहिले शहरमा व्यवसाय गर्ने अधिकतर मानिसहरूको यहाँका रैथानेसित न त भाषा मिल्छ, न भेषभुषा मिल्छ, न खानपान मिल्छ, न रहन सहन मिल्छ, न संस्कार संस्कृति मिल्छ, न देवी देवता नै मिल्छ । उनिहरूलाई कुन आधारमा आृनो ठान्ने ? के उनिहरूले हामीलाई स्वीकार गर्लान् ? मर्ने बेलामा ओखती खाएर हुन्छ ? अरूलाई औंला दिने बानीले गर्दा हात निलेको थाहा हुँदाहुँदै पनि सुनौं भने दोषी को ? तिलक मैदान, चम्पा रानी राईको चम्पा सरी, गुरुङ बस्ती, प्रधान नगर, लिम्बू बस्ती, महाबीर स्थान आदि ठाउँहरु कुन चराको नाम हो भन्नै हाम्रो भावी पुस्ताले खोज्लान त ? भारतको प्रथम हाईड्रोपावर (१८९७), ट्वाई ट्रेन (१८८०), जिल्ला अस्पताल (१८५०), आदि थुप्रै सुविधाहरूले सैयौं बर्ष अघि विकसित भएको ठाउँ हेर्ने इच्छा भए यहाँ आउनुहोस् । हामी कहाँ थियौं र आज कहाँ छौं । न ज्ञानी बने न धनी, न संस्कृति बचाए, न संस्कार अपनाए, न आफैलाई केहि गर्न सके न अरूलाई केहि दिन सके, केवल गन गन गरिबसे र अरूलाई दोषाईरहे । बाघको छाला ओढेको गधा र आधुनिकताको ब्रान्डेड लुगा भित्र त्यही कुल्ली को डि एन ए बगिरहेको नालायक सन्तान त कतै म होईन ?

*- समकालिनसाहित्य डटकम*

लोककथा ● सुरेशकुमार भट्ट

# ‘बङ्गारा झार्दिम्ला’

*बसाइ पनि प्राय सँगै जस्तो हुन्थ्यो । यी छुट्टिने भनेको जाँचमा पहिलो र दोस्रो स्थानमा मात्रै हो । अरूले आफूलाई कक्षामा जान्ने छ भनेको यी दुवैलाई मन पर्दैनथ्यो वा साथीको मान गरेको हो तर्कनाथलाई भन्यो भने होइन मभन्दा बलराम बढी जान्दछ भन्ने बलरामलाई भन्यो भने म त होइन हो होइन नभन बङ्गारा झार्दिम्ला मभन्दा तर्कनाथ धेरै जान्ने छ भन्थ्यो । न त यी दुई एउटाले अर्कोलाई जान्ने छ भनेर खसाल्न खोजेका हुन् वा मान गरेर मन नगरेर भनेका हुन् बुझ्नै सकिँदैनथ्यो । जे होस् दुईमा मित्रता भने गजबकै थियो ।*

६०/७० वर्ष अघिको कुरा हो । दुई दिमागदार तेजिला विद्यार्थीहरू एउटै कक्षामा गाउँको स्कुलमा सँगै पढ्ने गर्दथे । एउटाको बोल्यो कि ‘बङ्गारा झार्दिम्ला’ भन्ने थेगो नै जस्तो थियो । उसको नाम बलराम थियो । ऊ कडा स्वभावको थियो तर उसको अर्को बहुतै तेजवान साथी थियो । ऊ बडा तार्किक र बहुतै नरम मृदुभाषी स्वभावको थियो । उसको नाम तर्कनाथ थियो । यी दुई कहिले तर्कनाथ कहिले बलराम प्रथम हुन्थे र पनि व्यक्तिगत रूपमा असाध्यै मिल्थे । बसाइ पनि प्राय सँगै जस्तो हुन्थ्यो । यी छुट्टिने भनेको जाँचमा पहिलो र दोस्रो स्थानमा मात्रै हो । अरूले आफूलाई कक्षामा जान्ने छ भनेको यी दुवैलाई मन पर्दैनथ्यो वा साथीको मान गरेको हो तर्कनाथलाई भन्यो भने होइन मभन्दा बलराम बढी जान्दछ भन्ने बलरामलाई भन्यो भने म त होइन हो होइन नभन बङ्गारा झार्दिम्ला मभन्दा तर्कनाथ धेरै जान्ने छ भन्थ्यो । न त यी दुई एउटाले अर्कोलाई जान्ने छ भनेर खसाल्न खोजेका हुन् वा मान गरेर मन नगरेर भनेका हुन् बुझ्नै सकिँदैनथ्यो । जे होस् दुईमा मित्रता भने गजबकै थियो । बन्दुकको गोली र मान्छेको बोलीको कुरा बडा अनौठो लाग्छ । गोली र बोली छुटेपछि फर्कदैनन् भन्छन् । कसैले बोलेको गाली श्रापका कुरा ट्वाक्क ट्वाक्क पुग्यो नराम्रो भयो भने कालो जिब्रे/कालजिब्रे भन्छन् । कसैले बोलेको पुग्यो भने सरस्वतीले बास गरेको मुख भन्छन् । कसैले बोलेको सकारात्मक कुरालाई तेरो/तिम्रो मुखमा दूध र भात जावोस् भन्छन् । जुन कुरा मान्छेले भनिरहन्छ त्यो कुरा सके त विपनामै भएन सपनामा भए पनि पूरा हुन्छ भनिन्छ । त्यसैगरी सतीले सरापेको कुरा पूरा हुन्छ भन्ने चलन छ । सतीले सरापेको देश सतीको सराप लागेको किन राम्रो हुन्थ्यो र भन्छन् । जुँगा हुनेले बोलेको कुरा पुग्दैन भने त्यो जुगा हो कि होइन ? जुँगाको भाउ रहँदैन भने त्यो जुँगा के जुँगा हो र ? होइन भन्छन् । यसरी हेर्दा जुँगा जोगाउन कुरा पुऱ्याउन मर्दलाई निकै गाह्रो पर्छ । मर्दले बोलेपछि पुग्दैन भने त्यो के मर्द ? आइमाईको रुद्र घण्टी हुँदैन त्यसैले तिनका पेटमा कुरा अड्दैन पनि भन्छन् । कुरो र कुलो जता लगे पनि जान्छ पनि भन्छन् । कसैले तीन न तेह्रको कुरा गऱ्यो भने यसको कुराको कुरो मात्र हो केही हुँदैन पनि भनिहाल्छन् । यसरी कुरा गरेर हामीले पनि समय बिताउने गरिआएका छौं । यी र यस्तै प्रसंग हो तर्कनाथ र बलरामको पनि । दुवै सँगसँगै पढ्दै बढ्दै गए । गाउँको स्कुलमा प्राइमरी कक्षा सकिनेबित्तिकै गाउँका धनीमानी सहरमा राखेर पढाउन सक्नेले सहरतिर डेरा लिएर वा आृना मान्छे जागिरे भए उसैकोमा रासनपानी पुऱ्याएर राखिदिने र संरक्षकत्व दिनु है भनेर छाड्ने गर्दथे । तर्कनाथ र बलराम पनि गाउँका हुनेखानीका छोरा भएकाले सहरमा डेरा लिएर राखिदिएर सहरी स्कुलमा भर्ना गरिदिएर पढाइ सुचारु गरिदिए । दुवै डेरा अलग भए पनि टाडा थिएन, साँझबिहान तरकारी किन्ने नपुग रासनपानी किन्ने ठाउँ एउटै भएकाले भेट भइरहन्थ्यो । अनि स्कुल पनि एउटै नाम चलेको जेपी हाइस्कुलमा पढ्थे । पढ्दै जाँदा एसएलसीसम्म सँगसँगै भए, अप्रत्यक्ष शैक्षिक प्रतिस्पर्धा पनि चलिरह्यो । गाउँमा जस्तो थोरै विद्यार्थी भए पो एउटै कक्षा हुनु र सहरमा त धेरै विद्यार्थी भएकोले दुई तीनवटा सेक्सन थिए । तर्कनाथ ‘ए’ मा र बलराम ‘बी’ मा थिए । बाहिर भेट हुँदा एकछिन कुरा गर्नेबित्तिकै ‘तेरा बङ्गारा झारिदिम्ला’ भनिहाल्थ्यो बलराम । तीनवटै सेक्सनका विद्यार्थी सबैले बोलाकी र जिउडाल पनि भएकोले चिनिसकेका थिए । तर्कनाथभन्दा अलिकति बढी नै परिचित थियो बलराम विद्यार्थीमाझ । त्यसैले होला उसले नसुन्ने नदेख्ने गरी सबैले उसलाई “बङ्गारे” भन्थे । बलराम बङ्गारे नामले धेरै विद्यार्थीमाझ परिचित थियो तर उसैलाई थाहा थिएन म कति र के नामले साथीहरू माझ परिचित छु भन्ने कुरा । यो सबै कागले आृनो नाम आफैँ काढ्छ । तित्राको मुखै बैरी भनेझैँ बलरामले आृनो उपनाम आफैँले राख्यो रखायो । “बङ्गारे” जब ऊ “बङ्गारा झारिदिम्ला” भन्थ्यो सुन्ने जति मरी मरी हाँस्थे अनि ऊ पनि सँगै हाँस्थ्यो तर बढी नै साथीहरू किन हाँसिरहेका छन् बुझ्दैनथ्यो । यसरी नै दिन बित्तै गए, एसएलसी पनि दुवैले फस्ट डिभिजनमा पास गरेकाले अब आफ्नो रुचि र अभिभावकको चाहनाअनुरूप कलेजको पढाइ हुने भयो । बलराम स्वास्थ्य क्षेत्रमा र तर्कनाथ इञ्जिनियरिङ क्षेत्रतिरको बाटोमा लाग्ने अठोटका साथ अलग अलग कलेजमा भर्ना भए । भेट पनि पातलो र समय पनि लामो हुन थाल्यो । हुँदाहुँदा वर्षौंसम्म भेट हुनै छाड्यो को कहाँ छ ? सम्म पनि थाहा भएन । तेजवान छात्रहरू छात्रवृत्ति पाएर खाएर देशविदेश पुगे, उतै पढाइ सकेर केही समय काम गरी स्वदेश फर्किएर । आ-आफ्नै धुनमा लागे । कति उतै काम गरेर बसे । कोही उतै बिहाबारी गरेर बसे । थोरै मात्र स्वदेश फर्के । आृनै बारेमा सोच्ने समय नपाउनेले अर्काको के सोध्ने खोज्ने पूरै नौलो भए । नौ दिनको नौलो बीस दिन भयो बिर्सियो । परार सालको कुरा हो तर्कनाथलाई दाँतले अति दुःख दियो । नदेओस् पो किन सात भाइका जेठा छोरा बाहिर बाउआमाहरू कोही गएर आयो कि मिश्री पिपलामेट ल्याएर खुसुक्क दिने सबैको माया पाए मिठाई खाए । हजुरबाको त झन् यति प्यारो कि साँझबिहान छिनछिनमै ठूल्नाति खोइ ? खाँदा सुत्दा डुल्दा जहिले पनि सानामा । मेरो धुरीमा हेलिखप्टर लार छाना उडाउने पख तैँले जस्तै हावाजात उडाएर हिँड्न सक्ने पढाइ मेरो ठूल्नातिलाई पनि पानीको सामल गरेर भए पनि पढाउँछु भन्ने मान्छे बुढा जब ठूलो नाति सहरमा घरको काख छाडेर पढ्न टाढा जाने भयो भनेदेखि नै पिरिन थालेका नाति सहर गएपछिको साता दिन जुठो मुखसिवाय केही गरेनन्, राति पनि गनगनाइरहे सुतेनन् । यति प्यारो गरी हुर्किएको नाति थिए तर्कनाथ । आज उनैको माया मिठाईले दाँत दुःखेर मुर्छा पर्नु परिरहेकोले राम्रो डेन्टिस्टकोमा जानका लागि सोधखोज गरेर निक्कै सजधजका साथ चलाएको एउटा नाम चलेको डेण्टलमा पुगे । भित्तातिर डेन्टिस्ट डाक्टरको नाम पनि नहेरी आफ्नो पालोमा भित्र छिरे तर्कनाथ । डाक्टरले यता आउनुस्, ऊ त्यहाँ उत्तानो परेर सुत्नुस् भन्दा कता कता बोली चिनेको मान्छेको जस्तो लाग्यो र पनि भन्न तर्कनाथले केही सकेनन् । जब डाक्टरले मास्क खोलेर मुख आँ गर्नुस् भन्दै मास्क लाएर फेरि भने तर्क - मैले केटाकेटीदेखि नै तेरो बङ्गारा झार्दिम्ला भनेको होइन देखिस् यी आज तेरो बङ्गारा झार्दै छु बुझिस् । बल्ल तर्कनाथले मुख खोले ए तँ बलराम होस् ? हो कि होइन ? मैले उहिल्यै बङ्गारा झार्दिम्ला भनेको आज दुईटा झार्दिन्छु बुझिस् । हेर दुईटा खत्तम भएका छन्, सफा गरेर क्राउन हालौँ कि फाल्दिम् ? क्राउन हाल्न सम्भव भए क्राउन नै हालिदेन त । ल पख सफा गरौँ अनि भनेर सफा गर्न थाले । ए साथी हेर् मेरो हातबाट तेरो बङ्गारा बचेन क्राउन अड्ने आधारै छैन । ल फालौँ है । हुन्छ फाल उहिले झार्दिम्ला भन्थिस्, आज फाल्दे त नि अब भैगो नि भने तर्कनाथले र चुप लागे । डा. बलरामले इन्जेक्सन लाएर दुवैपट्टिका पछिल्ला बङ्गारा झिकिदिएर भने सात दिनपछि आइज सबै ठिकठाक गरौँला । ल हुन्छ जे भन्थिस् त्यही गरिस् । मान्छेले जे भनिरहन्छ त्यो त आखिरमा हुने नै रहेछ यार, ल धन्यवाद तँलाई फुर्सद भएको बेला दाँत मात्र होइन बलभाइ आँत खोल्न आउँछु बरु कहिले भन् ? भोलि मेरो अफ डे यही क्वार्टरमा १ बजेतिर आइज नभुल नि फेरि पिकनिकमा झैँ । एई, धेरै नघोच चुप । आज बाई भोलि आई सुनिस् । ल ल जा । ए पख त दुःखेको भए त्यहाँबाट पेनकिलर लैजा है प्रेसक्रिप्सन लिएर जा । फेरि राति दुःख्यो भने मलाई गाली गरेर बस्लास् नि खाएपछि निद्रा पर्छ सुत । ल बाई ! बाई ! यसरी आफ्नै साथी भेट्दा चिन्न नसकिने तर सेवा लिन सहज हुने हुनाले साथी भनेको साथी नै हो दुःखसुखको मर्दा पर्दाको । बङ्गारा झार्दिम्ला भने नि । मनमा सोच्दै बाटाभरि तर्क गर्दै घर पुगे तर्कनाथ ।

*- साहित्यपोस्ट डटकम*

# लगातार चार दिन सार्वजनिक बिदा




**पाल्पा,** जेठ १३/ आजदेखि १७ गतेसम्म लगातार ४ दिन सार्वजनिक बिदा परेको छ । जेठ १४, १५, १६ र १७ गते सार्वजनिक बिदा रहेको हो ।

गृह मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गर्दै जेठ १४ गते बकर ईद (ईद-उल-अज्हा) को अवसरमा बिदा दिने निर्णय भएको जनाएको छ । गृह प्रवक्ता आनन्द काफ्लेले राजपत्रमा प्रकाशित सूचना अनुसार इश्लाम धर्मालम्बीहरूको बकर ईदको दिन सार्वजनिक बिदा दिने व्यवस्था रहेको र १४ गते सो चाड रहेकोले बिदा दिने निर्णय भएको जानकारी दिए । जेठ १५ गते गणतन्त्र दिवसको बिदा दिने यसअघि नै राजपत्रमा प्रकाशित छ । १६ गते शनिबार र १७ गते आइतबार सार्वजनिक बिदा नै रहेको छ । सरकारले आइतबार पनि बिदा दिने निर्णय गरेका कारण १७ गते पनि कार्यालय र विद्यालय खुल्ने छैनन् । १३ गतेपछि एकैपटक १८ गते खुल्नेछन् । लगातार चार दिन सार्वजनिक बिदा परेपछि सामाजिक सञ्जालमा चर्चा चलेको छ । कतिपयले यसलाई "आराम र परिवारसँग समय बिताउने सुनौलो अवसर" का रूपमा लिएका छन् भने केहीले लामो बिदाले सरकारी कामकाज र उत्पादनशीलतामा असर पार्ने टिप्पणी गरेका छन् । अर्थविद्हरूका अनुसार यदि बिदाको समयलाई आन्तरिक पर्यटन र आर्थिक गतिविधिसँग जोड्न सकियो भने यसले अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउने बताएका छन् । विशेषगरी होटल, यातायात, खाद्य तथा मनोरञ्जन क्षेत्रले प्रत्यक्ष लाभ लिने देखिएको छ । केहीले लामो समयपछि पारिवारिक भेटघाट, घुमफिर र आराम गर्ने अवसर पाइएको बताएका छन् । यद्यपि लामो बिदाका कारण केही सरकारी सेवा भने प्रभावित हुने भएका छन् । राहदानी, मालपोत, यातायात कार्यालय लगायतका सरकारी सेवामा काम रोकिँदा सेवाग्राहीले समस्या भोग्नुपर्ने देखिन्छ । अत्यावश्यक सेवा बाहेक अधिकांश कार्यालय बन्द हुँदा कतिपय काम केही दिन पछाडी धकेलिएको छ । लगातार चार दिनको सार्वजनिक बिदाले एकातिर नागरिकलाई आराम र मनोरञ्जनको अवसर दिएको छ भने अर्कोतर्फ पर्यटन तथा सेवा क्षेत्रमा आर्थिक चलायमानता थप्ने देखिन्छ ।

# बकर इद मनाइँदै : सरकारले दियो सार्वजनिक बिदा



**पाल्पा,** जेठ १३/ इस्लाम धर्मावलम्बीले बकर इद ( इद-उल-अज्हा ) आज मनाउँदै छन् । बकर इद पर्व रमजान अर्थात् इदुलफित्र पछिको दोस्रो ठूलो चाड हो । रमजान पर्वको ७० औं दिनमा मनाउने यो पर्वमा आर्थिकरूपमा सबल मानिस हज गर्न साउदी अरबको मक्का मदिना जाने गर्छन् ।

मुस्लिम धर्मावलम्बीले आज बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्छन् । नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने चलन छ । यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिने गर्दछन् । धार्मिक मान्यताअनुसार अल्लाका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माईललाई कुर्बानी गर्नुपर्ने आदेशलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माईलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यतालाई अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको पाइएको छ ।

यो पर्वको अवसरमा देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लाग्छ । हिजरी संवत् अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको हो । मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर इद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउँछन् । जसले यो पर्व एवं धर्मलाई पुस्तान्तर गर्न महत्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गरेको मानिन्छ । यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिन्छ । यस पर्वको अवसरमा सरकारले आज सार्वजनिक बिदा समेत दिएको छ ।

## खेलकुद समाचार

# चीनलाई हराउँदै नेपाल विजयी



**काठमाडौं,** जेठ १३/ एशियाली खेलकुद अन्तर्गत महिला क्रिकेट छनोटमा चीनलाई हराउँदै नेपालले विजयी शुरुआत गरेको छ । मलेशियाको बायोमास ओभलमा बुधबार भएको समूह 'बी' को खेलमा नेपालले चीनलाई १९ रनले हरायो । नेपालले दिएको १२६ रनको लक्ष्य पछ्याएको चीनले २० ओभरमा ५ विकेट गुमाएर १०६ रनमात्र बनाउन सक्यो । चीनकी मिङए फुले ३० रन बनाइन् । नेपालकी रिया शर्माले २ विकेट लिइन् । यसअघि टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा ५ विकेट गुमाएर १२५ रन बनायो । नेपालकी पूजा महतोले ६३ रन बनाइन् । चीनकी मा रुइकेले २ विकेट लिइन् । योसँगै नेपाल समूह 'बी' को शीर्ष स्थानमा उक्लिएको छ । अब नेपालले समूह चरणको अन्तिम खेलमा बिहीबार इन्डोनेशियासँग खेल्नेछ । प्रतियोगितामा बुधबार भएको समूह 'ए' को खेलमा थाइल्यान्डले मलेशियालाई ७ विकेटले हरायो । ६ वटा टोली सहभागी प्रतियोगितामा दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । प्रतियोगिताका शीर्ष तीन टोली जापानको नागोयामा हुने एशियाली खेलकुदका लागि छनोट हुने छन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से पाँच अंकले वृद्धि



**पाल्पा,** जेठ १३/ सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार ४ दशमलव ९९ अंकले बढेको छ । मंगलबार ९ दशमलव २४ अंकले घटेको नेप्से बुधबार करिब ५ अंकको सुधारसँगै बन्द भएको हो ।

अघिल्लो दिनको तुलनामा बुधबार ० दशमलव १७ प्रतिशतले बढ्दा समग्र नेप्से २ हजार ७ सय ८२ दशमलव १० अंकमा उक्लेर बन्द भएको हो । यो साता सोमबार, मंगलबार र बुधबार गरी तीन दिन मात्र सेयर कारोबार भएको छ । जसमा सोमबार र बुधबार नेप्से बढेको छ भने, मंगलबार घटेको छ ।

बुधबार कारोबारमा आएकामध्ये १५१ कम्पनीको सेयर मूल्य बढ्यो भने ११४ कम्पनीको घट्यो । तर, सो दिन १४ कम्पनीको मूल्य स्थिर रहेको छ ।

बुधबार कुल ६० हजार ५ सय ६२ पटकको कारोबारमा १ करोड ५२ लाख ४९ हजार ७१२ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ६ अर्ब ३ करोड रुपैयाँ बराबरको कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि बढेको हो । मंगलबार सेयर बजारमा ४ अर्ब ८५ करोड ४४ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो । बुधबार कारोबारमा आएका १३ उपसमूहमध्ये वित्त कम्पनी, होटेल तथा पर्यटन, उत्पादन तथा प्रशोधन र अन्यको परिसूचक घटे । बाँकी उपसमूहको परिसूचक बढेपछि समग्र नेप्से करिब ५ अंकले बढेको हो ।

कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी, रिडी पावर कम्पनी, नेशनल हाइड्रोपावर कम्पनी, अपि पावर कम्पनी र ह्याटी ग्रुप पावर शीर्ष स्थानमा छन् । यस्तै, कालीञ्चोक हाइड्रोपावर, बुङ्गल हाइड्रो, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स, आँखु खोला जलविद्युत् कम्पनी र माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेडका लगानीकर्ताले कमाएका छन् । त्यस्तै, सानिमा डिवेञ्चर, मञ्जुश्री फाइनान्स लिमिटेड, माछापुच्छ्रे बैंकको डिवेञ्चर, सिर्जनशिल लघुवित्त र प्राइम डिवेञ्चरका लगानीकर्ताले भने गुमाएका छन् ।

# दलित अधिकार...

...कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति समुन गैरे, नेपाली काँग्रेसका सभापति हिमालदत्त श्रेष्ठ, नेकपा एमालेका अध्यक्ष ओमबहादुर घर्तिमगर, नेपाली कम्युनिष्ट पार्टीका केन्द्रिय सदस्य यादव बहादुर रायमाझी, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामी, तानसेन नगरपालिकाका सामाजिक विकास अधिकृत कौशलराज घिमिरे, तानसेन नगरपालिका कार्यपालिका सदस्य लक्ष्मी वि.क., दिनेश गन्धर्व, दलित अगुवा तिर्थ गौतम, केशरी लोहनी विश्वकर्मा, खुम बहादुर विश्वकर्मा लगायतले विद्यालय, स्थानीय समुदाय तथा आमसञ्चार माध्यमहरूका माध्यमबाट समाजमा समानता, मानव अधिकार र सामाजिक सद्भाव सम्बन्धी व्यावहारिक शिक्षा प्रदान गरिनुपर्ने, जातीय विभेद र छुवाछूतजन्य घटनामा संलग्न जुनसुकै व्यक्तिलाई पनि कानुन बमोजिम कडा कारवाही गरी पीडित पक्षलाई अविलम्ब न्याय र क्षतिपुर्तिको व्यवस्था गरिनुपर्नेमा जोड दिए । समाजमा रहेका सबै जातजाति र वर्गबीच आपसी सम्मान, निरन्तर सहकार्य र समान व्यवहार प्रदर्शन गर्ने वातावरणको निर्माण स्थानीय तहदेखि नै गरिनुपर्ने, दलित तथा आर्थिक-सामाजिक रूपमा पछाडी पारिएका सीमान्तकृत समुदायका लागि विशेष सीप विकास, रोजगारीका अवसरहरू र आर्थिक सहयोगका लक्षित कार्यक्रमहरू सञ्चालन गरिनुपर्नेमा वक्ताहरुले जोड दिए । स्थानीय सरकारले आगामी नीति, बजेट तथा कार्यक्रममा दलित अधिकार र सशक्तीकरणका लागि ठोस योजना तर्जुमा गर्नुपर्ने, राजनीतिक दल नागरिक समाज र सञ्चार माध्यमले छुवाछुत अन्त्यको मुद्दालाई निरन्तर निगरानी र पैरवी गरिरहनु पर्ने कार्यक्रमको निचोड रहेको छ । मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्माको अध्यक्षता, मिडिया लुम्बिनी संयोजक विनोद परियारको स्वागत र पत्रकार कृष्ण दर्नालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# निजी अस्पतालमा स्वास्थ्य...

...स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत पाँच परिवारसम्मका लागि तीन हजार ५०० बराबरको योगदानका आधारमा एक लाखसम्मको स्वास्थ्य सेवासुविधा उपलब्ध गराइन्छ । यस्तै थप प्रतिसदस्य ७०० का दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान रहेको छ । स्वास्थ्य बिमा कार्यक्रममा ५९ लाख ७० हजार ४०३ बीमित रहेका छन् ।

'सुविधा थैली' को दररेटमा परिवर्तन स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य उपचारका लागि 'सुविधा थैली' को दररेट परिवर्तन गरेको छ । स्वास्थ्य बीमा लागू भएपछि पहिलो पटक बोर्डले औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालको परीक्षणको सुविधा थैली दररेट परिवर्तन गरेको हो । सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई परिमार्जित नयाँ दरअनुसार औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालाको परीक्षण शुल्क लिन बोर्डले निर्देशन दिएको छ । उक्त नयाँ सुविधा थैलीको दररेठ यही जेठ १६ गतेदेखि लागू हुनेछ । अहिले एक हजार १७० प्रकारका औषधि मात्र बोर्डबाट उपलब्ध हुने छ । यसअघि बोर्डले एक हजार २८९ प्रकारका औषधि उपलब्ध गराउँदै आएको थियो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई